बैठक संख्या:- ३३

आज मिति २०८० साल साउन १५ गते सोमवारका दिन वितामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा वसि निम्न वमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. का.वा वडा अध्यक्ष | श्री ओमनाथ गौतम | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. का.वा.वडा अध्यक्ष | श्री ईन्दिरा पाण्डे | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लंक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री तिलचन भण्डारी | |

CamScanner

**निर्णय नं १.** यस भन्दा अघि भएका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २.** महामारीको रुपमा रहेको पशुमा लाग्ने लम्पी स्कीन रोगको खोप लगाउने सम्बन्धमा खोपको परल मूल्य प्रति खोप रु १६० सम्बन्धित कृषकबाट लिई खोप व्यवस्थापन गर्ने सम्पूर्ण कार्य पशुपंक्षी तथा मत्स्य विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ३** बिर्तामोड नगरपालिका क्षेत्रभित्र डेंगुको प्रकोप नियन्त्रण गर्नका लागि मौसम अनुकुलता हेरी यथाशिघ्र नगर क्षेत्रभित्र लामखुट्टे नष्ट गर्ने औषधी स्प्रे गर्ने र यस सम्बन्धि व्यवस्थापन स्वास्थ्य शाखाले गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** बिर्तामोड नगरपालिका क्षेत्रभित्र नगरपालिकाबाट ईजाजत लिई नक्सा पास गरेर बनाईएका सरकारी, अर्धसरकारी, संस्थान तथा निजी घर/ भवनहरु निर्माण गर्दा नक्सामा नदेखाईएका तर नक्सा पास पछि व्यापारिक एवं विभिन्न प्रयोजनले सडकतर्फ सडक क्षेत्राधिकार भित्र पर्ने थप गरिएका संरचनाहरु(जस्तैः- सिडी,बरण्डा,पर्खाल आदि) हटाउन भनि मिति २०८०।०३।०१ मा ३५ दिनको सूचना प्रकाशित भईसकेको र सो अवधि सम्ममा नहटाईएको पाईएकोले पुनः १५ दिन उक्त सूचना जारी गर्ने र तोकिएको समयावधि भित्रपनि थप गरिएका संरचनाहरु नहटाएको पाईएमा नगरपालिकाले जुनसुकै समयमा हटाउन सक्ने निर्णय गरियो । उक्त समय भित्र सो क्षेत्रको सडक क्षेत्रभित्र पर्ने संरचनाको घरनक्सा शाखा मार्फत रेखाङ्कन सहितको कार्य गर्ने गरि जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.५** बिर्तामोड नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गाको खोजतलासी गरी एकिन विवरण सहितको अभिलेख तयार गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

श्री नगेन्द्र प्रसाद संग्रौला( नगर उप-प्रमुख) - संयोजक

श्री हरि प्रसाद चम्लागाई(९ नं. वडा अध्यक्ष) - सदस्य

श्री रोहित प्रसाई(५ नं वडा अध्यक्ष)- सदस्य

श्री जगतबन्धु राजवंशी (का.पा. सदस्य)- सदस्य

श्री शर्मिला राजवंशी (का.पा. सदस्य)- सदस्य

**निर्णय नं.६** विर्तामोड नगरपालिका अन्तर्गत वडा नं ८ मा अवस्थित सामुदायिक भवनमा रहेका सटरहरुमा व्यवसाय गर्ने व्यवसायीहरुलाई हालसम्म तिरेको कर, सम्झौता पत्र तथा काजगपत्र के के छन् सोको अभिलेख ७ दिन भित्रमा नगरपालिकामा उपलब्ध गराउने भनी पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** व्यवसाय शुल्क तथा बहाल कर संकलन एवं परिचालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी नगरपालिकामा पेश गर्ने निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

श्री रोहित प्रसाई(५ नं वडा अध्यक्ष)- संयोजक

श्री राहुल कुमार शर्मा(४ नं वडा अध्यक्ष)- सदस्य

श्री सिता दुङ्गाना बि.क (का.पा.सदस्य)- सदस्य

**निर्णय नं. ८** चालू आ.व.को स्वीकृत नीति तथा कार्यक्रम अनुसार बिर्तामोड नगरपालिकामा धुम्रपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धमा कार्य प्रक्रिया अघि वढाउन निर्णय नं.७ कै समिति मार्फत कार्ययोजना तयार गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**:- बिर्तामोड नगरपालिकाको आंर्थिक ऐन २०८० को अनुसूची १ को (ख) मा भएको व्यवस्था अनुसार जग्गाको मूल्यांकन गर्दा सडकले छोएको १० कठ्ठा सम्मका जग्गाहरु र सडकले नछोएको ५ कठ्ठा सम्मको जग्गाहरुलाई पूर्ण मूल्यांकन गरि बाँकी जग्गालाई ५० प्रतिशत कम दरमा मूल्यांकन गर्ने र भवनको संरचनाको मूल्यांकन आर्थिक ऐन २०८० मा भएको व्यवस्थामा हाललाई तपसलि बमोजम संसोधन गरि आगामी नगरसभाबाट अनुमोदन हुनेगरी कार्यान्वयन गर्ने।

तपशिल :-

| सि.न. | संरचनाको विवरण | मूल्यांकन |
|---|---|---|
| १ | आर.सि.सि.फेम स्ट्रक्चर | ११५० प्रतिवर्ग फिट |
| २ | इटाको गाह्रो स्लावको छाना भएको लोडवियरिङ्ग | ९२० प्रतिवर्ग फिट |
| ३ | फ्रेम स्ट्रक्चर इटाको गाह्रो जस्ताको छाना भएको | ८०० प्रतिवर्ग फिट |
| ४ | लोड वियरिङ इटाको गाह्रो टायल वा टिनाको छाना भएको | ७०० प्रतिवर्ग फिट |
| ५ | काठको खावामा काठ टिन सेन्टरवेरा जस्ताको छाना भएको | ६०० प्रतिवर्ग फिट |
| ६ | ट्रस्टको सेड भएको | ५५० प्रतिवर्ग फिट |

**निर्णय नं.१०** अघिल्लो आ.व. २०७९/८० को श्रावण महिनामा करदाताले बढी तिरेको सम्पत्ति कर वापतको रकमलाई चालू आ.व. को कर तिर्दा मिलान गरी कर संकलनमा समायोजन गर्ने निर्णय गरियो ।

CS CamScanner